नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १४५ | २०७६ साल पुस २१ गते सोमबार (6 Jan. 2020 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : देशका ४० जिल्लालाई ... ३ पृष्ठमा : निजगढ-भरतपुर रेलमार्ग... ३ पृष्ठमा : हवाई आक्रमणमा परी ...

# "पुनः सहोदर दाजुभाई प्रतिस्पर्धी बने" चार सीटका लागि ८ को उम्मेदवारी



मृगेन्द्र कुमार सिंह यादव



अनिरुद्ध प्रसाद सिंह यादव

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

आगामी माघ ९ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आइतबार प्रदेश २ बाट ४ सीटमा ८ जनाको मनोनयन परेको छ । राष्ट्रियसभामा प्रदेश २ बाट प्रतिनिधित्व गर्ने ८ जनामध्ये ४ जनाको कार्यकाल सकिन लागेकाले ती पदमा निर्वाचन हुन लागेको हो ।

यस निर्वाचनका लागि राजपा र नेकपा तथा समाजवादी पार्टी र नेपाली काँग्रेसले चुनावी तालमेल गरेको छ ।

यस निर्वाचनमा अहिले सबैभन्दा बढी रोचक विषय बनेको राजपाबाट उम्मेदवारी दर्ता गराएका सप्तरीको बोदेबसाईन नगरपालिका ५ निवासी मृगेन्द्र कुमार सिंह यादव तथा समाजवादी पार्टीका तर्फबाट उम्मेदवारी दर्ता गराएका अनिरुद्ध प्रसाद सिंह यादवबीचको प्रतिष्पर्धा । दुबै जना सहोदर दाजुभाई हुन् ।

सहोदर दाजुभाईका बीच यसअघि २०७० सालको संविधान सभा निर्वाचनमा पनि भिडन्त भएको थियो । त्यसतिबेला दाजु मृगेन्द्र तत्कालिन मधेशी जनअधिकारी फोरम (लोकतान्त्रिक) बाट र भाई अनिरुद्ध मधेशी जनअधिकार फोरमबाट उम्मेदवार बनेका थिए ।

भाई अनिरुद्ध भन्दा बढी मत ल्याउन मृगेन्द्र सफल भएपनि काँग्रेसका उम्मेदवार सुरेन्द्र यादवसँग झिनो मतले पराजित भएका थिए ।

त्यसको ठीक ६ वर्ष पछि एक पल्ट फेरी चुनावी मौदानमा दाजुभाई आमने सामने भएका छन् । यस पटक मृगेन्द्र राजपाका तर्फबाट र उनका भाई अनिरुद्ध समाजवादी पार्टीका तर्फबाट उम्मेदवार बनि फेरी आमुने सामुने भएका हुन् ।

राजपा नेपालले राष्ट्रिय सभामा दुई सीटका लागि नेकपासँग सहकार्य गरेपछि सो पार्टीका तर्फबाट उम्मेदवार बनेका मृगेन्द्र र अर्का उम्मेदवार शेखर सिंहको जित लगभग सुनिश्चित ठानिएको छ । तर, समाजवादी पार्टीले पनि काँग्रेससँग सहकार्य गर्दै उम्मेदवारी दिएकाले तथा केही मत क्रस भोटिङ हुन सक्ने प्रवल सम्भावना रहेकाले समाजवादी पार्टीका उम्मेदवार अनिरुद्ध र अर्का उम्मेदवार रामपृत पासवानलाई पनि कमजोर ठान्न नमिल्ने एकथरीको भनाई छ ।

प्रदेश २ मा १ सय ३६ स्थानिय तह छन् । जसका प्रमुख उपप्रमुख गरि २ सय ७२ तथा प्रदेश सभा सदस्य १ सय ७ गरि कुल ३ सय ७९ मतदाता छन् । जसमध्ये राजपा-नेकपा गठबन्धनको प्रदेश सभा तर्फ ५७ र स्थानिय तहतर्फ १ सय २७ मत गरि १ सय ८४ मत रहेको छ भने समाजवादी-काँग्रेस गठबन्धनको प्रदेश सभा तर्फ ४९ र स्थानिय तहतर्फ १ सय ३३ मत गरि १ सय ८२ मत रहेको छ । यस्तै नेपाली जनता दलको २ र संघीय समाजवादी पार्टीको एक मत रहेको छ ।

यता प्रदेश २ मा राष्ट्रियसभाको महिला सदस्य १ दलित सदस्य १, अल्पसंख्यक १ र अन्य खुल्ला सदस्य १ पदका लागि निर्वाचन हुँदैछ ।

नेकपा र राजपाको गठबन्धनबाट अल्पसंख्यकबाट शेखरकुमार सिंहले उम्मेदबारी दिएका छन् । यो गठबन्धनबाट महिला सदस्यमा पदमा नेकपाकी तुलसा दाहालले उम्मेदवारी दिएकी छन् । दलित सदस्य पदमा राधेश्याम पासवानले यो गठबन्धनबाट उम्मेदबारी दिएका छन् । अन्य खुल्ला सदस्यमा गठबन्धनबाट मृगेन्द्र कुमार सिंह यादवले उम्मेदवारी दिएका छन् ।

त्यस्तै कांग्रेस-समाजवादी गठबन्धनबाट अल्पसंख्यक पदमा कांग्रेसका भोला पञ्जियारको उम्मेदवारी परेको छ । महिला सदस्य पदमा कांग्रेसकै नगीना यादवको उम्मेदवारी परेको छ । दलित सदस्य पदमा समाजवादी पार्टीका रामप्रित पासवानको उम्मेदवारी परेको छ । उनी यसअघि पनि यही पार्टीबाट राष्ट्रियसभा सदस्य भइसकेका छन् । खुल्ला अन्य पदमा समाजवादी पार्टीका अनिरुद्ध यादवले उम्मेदवारी दर्ता गराएका छन् ।

राष्ट्रियसभाका १९ सांसदको २ वर्षे कार्यकाल फागुन २१ मा सकिदैछ । संविधान अनुसार सदस्य पद रिक्त हुनु भन्दा ३५ दिन अघि निर्वाचन भइसक्नु पर्छ । सोही व्यवस्था अनुसार माघ ९ मा निर्वाचन हुन लागेको हो ।

# नयाँ रंगशाला बन्दै, जिल्लाको ऐतिहासिक तथा पुरानो रंगशालाको हाल वेहाल



मर्मत सम्भारको अभावमा दशकौंदेखि जोखिम पूर्ण अवस्थामा रहेको राजविराजस्थित राजरंगशाला.
*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

सप्तरी जिल्लाको सदरमुकाम राजविराजस्थित राजरंगशाला मर्मत सम्भारको पर्खाईमा रहेको बेला जिल्लाको कंचनरुप नगरपालिकामा पुनः एक नयाँ रंगशाला निर्माणको खबरले सो भेगका जनताहरुमा खुशीयाली छाएको छ भने सगरमाथा अंचलकै एक मात्र रंगशाला राजविराजस्थित राजरंगशालाको अवस्था वेहाल हुँदा यहाँका खेलप्रेमीमा निराशा छाएको छ ।

राजविराजको मुटुमा रहेको राजरंगशाला बि.स. २०३६ सालमा निर्माण भएको हो । सगरमाथा अञ्चलकै एक मात्र पुरानो राजरंगशाला आवश्यक मरम्मत सम्भारको अभावमा विगत दुई दशकदेखी जीर्ण अवस्थामा रहेको छ । जोखिमपूर्ण र वेहाल अवस्थामा हुदा पनि यस तर्फ युवा तथा खेलकुद मन्त्रालयले कुनै चासो नदेखाउनु अत्यन्तै दुर्भाग्यपूर्ण हो ।

खेलकुदको विकासको लागि नयाँ नयाँ पूर्वाधार निर्माण कार्य अघि बढाउनु जिल्लाको समग्र विकासका लागि राम्रो कुरा हो तर, भएको पुरानो र जोखिमपूर्ण संरचनालाई मरम्मत सम्भार नगरी वेवास्ता गरिनु राम्रो मान्न सकिन्न ।

राजविराजको ईज्जत र

***बाँकी अन्तिम पृष्ठमा***




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।** हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४



## सम्पादकीय

### बैदेशिक रोजगारीको कमाईलाई सदुपयोग गर्नेतर्फ ध्यान पुर्‍याऔं

मुलुकमा रोजगारीको वातावरण सृजना नहुँदा यहाँबाट सयकडौ यूवाहरु दिनहुँ बिदेश पलायन भइरहेका छन् । उनीहरु बिदेशमा गएर कमाएका रकम आफ्नो घर पठाउने गरेका छन् । जसले गर्दा मुलुक अहिले रेमिटान्सकै रकमबाट धानिएको छ । विदेशबाटै पठाएको रकमले गर्दा उनीहरुको घरवार समेत चलेको छ ।

अर्कोतर्फ विदेशबाट पठाइएको रकमको सही उपयोग नहुँदा ती यूवाहरुको घरपरिवार बिग्रिएको छ । खुन पसिनाका साथ दिनरात एक गरि बिदेशमा काम गरेर पैसा पठाएको यूवाहरुको परिवारजनले रकमको सही उपयोग गर्न नसक्दा अहिले उनीहरुको जिवन अन्धकारमय बनेको छ । पठाएको रकमबाट उपयुक्त स्थानमा सदुपयोग गर्न नसक्दा विदेशबाट फर्किएपछि पुनः उनीहरु बेरोजगार नै बनेको अनेकौं उदाहरणहरु हेर्न र सुन्न पाइन्छ । बैदेशिक रोजगारीको रकमलाई उत्पादनमूलक कार्यमा उपयोग गर्न नसक्दा अहिले सो अवस्था आएको छ । प्रायजसो घर निर्माण, जग्गा खरीद, विलासिताको सामान खरीद, मोटरसाइकल खरीदलगायतमा रकम प्रयोग भएको देखिन्छ । यस्ता कुरामा रकम प्रयोग हुँदा रकमको खासै सदुपयोग भएको देखिन्न् ।

तसर्थ त्यस्ता रकमलाई कुनै उत्पादनमूलक क्षेत्रमा प्रयोग गरेर आफू र दुई चारजनालाई रोजगारीको अवस्था सृजना गर्न तर्फ अग्रसर हुनुपर्दछ । अनिमात्र आफ्नो, परिवार तथा समाजको विकास र आर्थिक क्षेत्रको उन्नती हुन सक्ने कुरामा दुई मत नहोला ।

# देशका ४० जिल्लालाई पूर्ण विद्युतीकरण घोषण गरिँदै

ललितपुर, २० पुस (रासस) ।

दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्थाले यस क्षेत्रका करीब छ हजार घरलाई उपलब्ध गराइरहेको छ । बाकी रहेका करिव दुईहजार घरमा छिट्टै वितरण गर्ने सस्थाले जनाएको छ ।

संस्थाको १८औँ वार्षिक साधारणसभाको शनिबार सांसद नवराज सिलवालले उद्घाटन गर्दै ललिपुरको दक्षिण भेग बत्तीमुनिको अध्यारोको रूपमा रहेको हुँदा विकासमा फड्को मार्न आफूले ध्यान दिएको जानकारी दिनुभयो ।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घका अध्यक्ष नारायण ज्ञवालीले महासङ्घमार्फत मुलुकको ५३ जिल्लाका ३०० सहकारी संस्थामार्फत साँढे पाँच लाख घरधुरीमा विद्युत् सेवा पुर्‍याएको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले मुलुकको ४० जिल्लालाई पूर्ण विद्युतीकरण घोषण गर्न लागेको छ ।"

नेकपाका ललितपुर जिल्ला इन्चार्ज हरि दाहाल, पूर्वसांसद सुशीला नेपालले दक्षिण ललितपुरका विद्युत सेवा नपुगेका स्थानमा विद्युत पुर्‍याउन सबैको ध्यान जानुपर्छ भन्नुभयो ।

संस्थाका संस्थापक अध्यक्ष डिल्लीप्रसाद घिमिरेले १८ वर्षअघि सञ्चालन गरिएको सो संस्थाका कारण आज दक्षिण ललितपुर क्षेत्रमा झिलीमिली बत्ती बल्न सफल भएको हो भन्नुभयो । संस्थाका लेखा समिति संयोजक नवराज महतले दक्षिण ललितपुर र गोदावरी नगरपालिका वडा नं ७ देवीचौरामा संस्थामार्फत विद्युत् सेवा दिइरहेको बताउनुभयो । महाँकाल गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहालले संस्थाले देशका सहकारीलाई पाठ सिकाएर अघि बढिरहेको बताउनुभयो ।

कोञ्ज्योसोम गाउँपालिकाका अध्यक्ष गोपीलाल सिङ्ताङले संस्थाका कारण हाल दक्षिण ललितपुर क्षेत्रको ७५ प्रतिशत स्थानमा विद्युतीय सेवाको सुविधा पुगेको चर्चा गर्नुभयो । वाग्मती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनले दक्षिण ललितपुरमा थ्री फेज लाइन जडान गरी सिँचाइ र कारखानाको अवसर भित्र्याउन संस्थाका सदस्यलाई अनुरोध गर्नुभयो ।

नेपाली काँग्रेस ललितपुरका सचिव रविन्स शर्माले सबै दल मिलेर राजनीतिक प्रभाव नपर्ने गरी सहकारी संस्थामा नयाँ सदस्य चयन गर्न अनुरोध गर्नुभयो । संस्थाका अध्यक्ष गोविन्दप्रसाद बजगाईँले ललितपुरको १९ वडामा आफूहरूले सहकारी संस्थामार्फत विद्युतीय सेवा दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले १८ वर्षअघि रु ८० लाख २६ हजार ऋण लिएर विद्युत् सेवा पुर्‍याउने काम गरेका थियौँ, त्यसमा हाल रु २६ हजार मात्र ऋण तिर्न बाँकी रहेको छ ।"

अनलाइनबाट विद्युतीय महसुल तिर्ने व्यवस्थाको शुरुआत गरिएको, २७ विद्यालयमा नवीकरणीय ऊर्जासम्बन्धी पाठ्यक्रम लागू गरिएको, उद्यमी महिलाका लागि संस्थाले कर्जा प्रदान गरिएको, महिलाई आत्मनिभर बनाउन संस्थाले अभिमुखीकरण कार्यक्रम गर्दै आएको, महाँकाल गाउँपालिकाको उन्यूचौरमा विद्युत् प्रवाहका लागि सस्टेशन निर्माण गर्ने योजना अघि बढाइएको कार्यक्रममा जानकारी दिइएको थियो ।

# उखुखेतीप्रति किसानको आकर्षण घट्दो

महोत्तरी, २० पुस (रासस) ।

भुक्तानीमा निकै समस्या खेप्नुपर्ने भएपछि महोत्तरीका किसानले उखु खेती छाड्दै गएका छन् । कडा मिहिनेत र धेरै लगानी पर्ने उखुखेतीको भुक्तानीमा हण्डर खेप्नु परेपछि जिल्लाका किसानले उखुखेती छाड्ने क्रम बढेको हो ।

जिल्लामा २० वर्षअघि मुख्य नगदेबालीका रूपमा उखुखेती करिब १८ हजार बिघा गरिन्थ्यो । यो क्रम पाँच वर्षअघिदेखि घट्दै गएर यसपालि सात हजार बिघामा झरेको छ । गत वर्ष ११ हजार बिघामा उखु खेती थियो । अहिले तयार भएको सात हजार बिघामध्ये चार हजार ५०० बिघामा खुट्टी (दोस्रो वर्षको उत्पादन) उखु छ । खुट्टी उखु काटेपछि त्यसमा अन्य बाली लगाइने भएकाले आउने वर्षमा स्वात्तै घट्ने उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउनुहुन्छ ।

यसपालि नयाँ उखुखेती गर्ने किसान खासै नदेखिएका हुँदा अर्को वर्षका लागि अहिले मुडन (पहिलो वर्षको उखु) रहेको दुई हजार ५०० बिघाको खुट्टी उखु रहनेछ । वर्षमा एकपटक मात्र उत्पादन लिइने उखुखेतीमा निकै मिहिनेत र लगानी लगाउनुपर्ने र भुक्तानीमा भने चिनी उद्योगले वर्षौं झुलाउने भएपछि किसानले बाध्य भएर उखुखेती छाड्दै जानुपरेको कुशवाहाको भनाइ छ ।

महोत्तरीमा मात्र नभएर वरपरका जिल्लामा पनि उखुखेती घट्दै गएपछि यस भेगमा स्थापित र सञ्चालित चिनी उद्योगलाई आगामी वर्षहरूम कच्चा पदार्थको अभाव हुने निश्चित छ । "हामी त खेतको उखुमात्र नभई उद्योग पनि हाम्रै हो भन्थ्यौं, उद्योगलाई बुझाइएको उखुको मूल्य छ महिनाभित्र पाउँदासम्म दङ्ग नै

*बाँकी तीन पृष्ठमा*


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घर बाल्दा सावधानी अपनाउने गरौं । घर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग

सिरहा रोड, राजविराज ७, खरसाल टोल

मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

# निजगढ-भरतपुर रेलमार्ग निर्माणका लागि १५ महिनापछि डिपिआर सम्झौता

निजगढ, २० पुस (रासस) ।

मेची-महाकाली विद्युतीय रेलमार्गअन्तर्गत निजगढ-हेटौंडा-भरतपुर सडकखण्डको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणको सम्झौता भएको छ । रेल विभाग र परामर्शदाता युसिन-बार्सिल-सीआरइईसी-एफबीसी जेभीबीच हालै डिपिआर सम्झौता भएको हो ।

पन्ध्र महिनाभित्रमा डिपिआर सम्पन्न गर्नेगरी परामर्शदातासँग सम्झौता गरिएको विभागका महानिर्देशक बलराम मिश्रले जानकारी दिनुभयो । उहाँले डिपिआर शुरु गर्नुपूर्व परामर्शदातालाई एक महिनाको मोबिलाइजेशनको समय दिइएको बताउनुभयो ।

परामर्शदाताले २०७७ वैशाखसम्ममा डिपिआर निर्माण गरी विभागलाई हस्तान्तरण गर्ने सहमति भएको छ । परामर्शदाताले डिपिआरका लागि विदेशी साझेदारका लागि १२ लाख ८५ हजार ४०० अमेरिकी डलर र नेपाली साझेदारका लागि रु १२ करोड नौ लाख ८० हजार ६५२ प्रस्ताव गरेका थिए ।

विभागले २०७६ असोज ६ गते निकुञ्ज र वन्यजन्तु आरक्ष क्षेत्रमा रेलमार्गको पुनः डिपिआर तयार गर्न विश्वव्यापी आशय माग गरेको थियो । मेची-महाकाली रेलमार्गअन्तर्गतको निजगढ-हेटौंडा-भरतपुर सडकखण्डको डिपिआर निर्माण गर्न १३ परामर्शदाताले आवेदन हालेका थिए ।

विभागको मूल्याङ्कन समितिले कार्यक्षमताका आधारमा छ परामर्शदाताको प्रारम्भिक सूची तयार गरेको थियो । विसं २०७५ पुस १८ गते सूचीकृत भएका परामर्शदातासँग आर्थिक र प्राविधिक प्रस्ताव माग गरिएको थियो । यी परामर्शदाताको प्राविधिक र आर्थिक प्रस्ताव २०७६ वैशाख १३ गते खोलिएको थियो । परामर्शदाताको प्राविधिक तथा आर्थिक प्रस्ताव खोलिएको नौ महिनापछि डिपिआरका लागि सम्झौता भएको छ ।

रेल विभाग भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत रहे पनि कुनै पनि आयोजनाका लागि ठेक्का लगाउन र सम्झौता गर्न मन्त्रालयको सहमति आवश्यकता नपर्ने विभागले जनाएको छ । सार्वजनिक खरीद नियमावली (नवौं संशोधन) २०७६ अनुसार विश्वव्यापी बोलपत्र निकालिएको १२० दिन अर्थात् चार महिनाभित्रमा ठेक्का सम्झौता हुनुपर्ने छ । तर १५ महिनापछि मात्र सम्झौता गरिएको विभागले जनाएको छ ।

विभागको प्रारम्भिक सूचीमा परेका परामर्शदातामध्ये युसिन-बार्सिल-सीआरइईसी-एफबीसी जेभी प्राविधिक तथा आर्थिक क्षमताका आधारमा निजगढ-हेटौंडा-भरतपुर सडकखण्ड रेलमार्ग निर्माणको डिपिआरका लागि योग्य देखिएको हो । उसले प्राविधिक क्षमतामार्फत ९२.५७ प्रतिशत अङ्क प्राप्त गरेको विभागले जनाएको छ ।

डिपिआर तयार गर्न विदेशी साझेदारका लागि १२ लाख ८५ हजार ४०० अमेरिकी डलर र नेपाली साझेदारका लागि रु १२ करोड नौ लाख ८० हजार ६५२ प्रस्ताव गरेको थियो । निजगढ-हेटौंडा-भरतपुर सडकखण्डको रेलमार्ग डिपिआर अगाडि बढाइने विभागले जनाएको छ ।

सियुआन-इआरएमसी जेभीले प्राविधिक क्षमताका आधारमा ८९.२ प्रतिशत अङ्क प्राप्त गरेको थियो । उसले डिपिआर निर्माणका लागि विदेशी साझेदारका लागि १२ लाख २१ हजार २५० अमेरिकी डलर र नेपाली साझेदारका लागि रु १७ करोड चार लाख २८ हजार ३०० प्रस्ताव गरेको थियो ।

आइसिटी-युकसेल जेभीले प्राविधिक क्षमताका आधारमा ८६.४९ प्रतिशत अङ्क प्राप्त गरेको थियो । उसले विदेशी साझेदारका लागि २८ लाख ८५ हजार ६० अमेरिकी डलर र नेपाली साझेदारका लागि रु १७ करोड आठ लाख पाँच हजार ११० प्रस्ताव गरेको थियो । राइट्स-बिडीए जेभीले प्राविधिक क्षमताका आधारमा ८४.३३ प्रतिशत अङ्क प्राप्त गरेको थियो । उसले विदेशी साझेदारका लागि ११ लाख १४ हजार ८०० अमेरिकी डलर र नेपाली साझेदारका लागि रु १४ करोड ३३ लाख ९९ हजार ७०० प्रस्ताव गरेको विभागले जनाएको छ ।

***उखुखेतीप्रति ...***

हुन्थ्यौं," जिल्लाकै गौशाला नगरपालिका-१ रामनगर (एभरेष्ट चिनी उद्योग रहेकै बस्ती)का किसान धनलाल शाशङ्करले भन्नुभयो, "उद्योगले किसानलाई भुक्तानीमा वर्षौं झुलाउन थाल्यो । अब त बाहिरबाट उखु ल्याउँदा नगदै कारोबार गर्नु पर्ला नि !" उखुखेती घटेसँगै उद्योग खस्कने चिन्ता आफूहरूलाई रहेको शाशङ्कर बताउनुहुन्छ ।

विश्वासिलो वातावरण सरकारले बनाउनसके सरकारकै विश्वासमा किसान फेरि उखुखेतीमा फर्कनसक्ने सम्भावना भने रहेको जिल्लाकै बर्दिवास नगरपालिका-९ पशुपतिनगरका किसान ब्रह्मदेव महतो बताउनुहुन्छ । उद्योग धराशयी बन्दा धेरैको रोजगारी गुम्नसक्ने देखिन्छ । जिल्लामा उखुखेतीलाई फेरि जगाउन किसानलाई समयमा बीउमल, खेतीखर्चबापत सहुलियत ऋण, मङ्सिर तेस्रो साताको प्रारम्भमै उखु क्रसिङ खोल्ने व्यवस्था र पहिले नै कबुलियत गरेर मूल्य निर्धारण तथा भुक्तानीको अवधि तोकिए जिल्लामा उखुखेती फेरि फस्टाउन सक्ने किसानको भनाइ छ ।


रुपनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

Visit Nepal 2020

प.स : २०७६/०७७ ☎ ०३१-४५००३५
च. नं : मिति : २०७६।०९।२० गते

**निशुल्क जग्गा प्राप्त गर्ने सम्वन्धि सार्वजनिक सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७६।०९।२०**

प्रस्तुत विषयमा यस गाँउपालिका अन्तर्गत रहेका तेरहौता स्वास्थ्य चौकी रुपनी-६ मा हाल बर्थिङ्ग सेन्टर सञ्चालन भई रहेकोमा सोका लागि पर्याप्त जग्गा र भौतिक संरचना समेत नरहेकोले नेपाल सरकारले तोके बमोजिमको मापदण्डमा स्वास्थ्य चौकी भवन निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउन गाँउकार्यपालिकाको मिति २०७६।०८।२५ गतेको निशुल्क जग्गा प्राप्त गर्न सार्वजनिक सूचना आव्हान गर्ने निर्णय भए बमोजिम तेरहौता स्वास्थ्य चौकी रुपनी ६ का नाममा निशुल्क जग्गा दिन इच्छुक व्यक्ति वा संस्थाले **सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गाँउपालिकाको कार्यालय रुपनी वा ६ नं वडा कार्यालय तेरहौतामा** तपसिल बमोजिम कागाजात सहित निवेदन पेश गर्नु हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक कागाजातहरु :**

(क) जग्गाधनीको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
(ख) जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि ।
(ग) चालु आ.व. मा मालपोत बुझाएको प्रमाणको प्रतिलिपि ।
(घ) जग्गाको नक्सा ।

**२. जग्गाको विवरण :**

(क) क्षेत्रफल : न्युनतम् ७ (सात) कठ्ठा
(ख) क्षेत्र : **रुपनी गा.पा. ६ नं वडा कार्यालयबाट ५०० मी. बरीपरी, रुपनी ६ बिरेन्द्र बजार पश्चिम महेन्द्र राजमार्गबाट दक्षिण तर्फ ५०० मी., रुपनी ६ बिरेन्द्र बजार पश्चिम महेन्द्र राजमार्गबाट उत्तर तर्फ ३०० मी. र बिरेन्द्र बजारबाट दक्षिण जाने मुख्य सडकको दाँया बाँया ३०० मी. सम्मको क्षेत्र भित्र रहेका हाल मुद्दा तथा विवादित नरहेका जग्गा ।**

**३. थप जानकारीका लागि सम्पर्क :** रुपनी गाउँपालिकाको फोन नं ०३१४५००३५, गाउँपालिका अध्यक्ष मोबायल ९८५२८२१०३४, वडा अध्यक्ष मोबायल ९८२५७६१९६८

**नोट : निशुल्क जग्गा प्रदान गर्ने व्यक्ति/संस्थालाई रुपनी गाउँपालिकाबाट उचित सम्मान गरिने छ ।**

.............................
ललन कुमार प्रसाद
(प्रमुख प्रशासकीय अधिकृत)


## विश्व समाचार

### हवाई आक्रमणमा परी २८ विद्यार्थी मारिए

त्रिपोली, २० पुस (रासस/सिन्ह्वा) ।

लिबियाको राजधानी त्रिपोलीमा रहेको एउटा शैक्षिक संस्थामा भएको हवाई आक्रमणमा परी २८ विद्यार्थी मारिएका छन् । शनिबार अबेर यहाँस्थित सैनिक विद्यालयमा भएको उक्त आक्रमणमा परी ती विद्यार्थी मारिएका बताइएको छ । सो आक्रमणबाट अरु १८ जना घाइते भएका पनि सुरक्षा अधिकारीहरुले जानकारी दिएका छन् । "प्रारम्भीक विवरणअनुसार घटनामा परी २८ विद्यार्थी मारिएका छन्, अरु १८ जना घाइते भएका छन्," लिबियाको एक सरकारी निकायले जारी गरेको वक्तव्यमा जनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घको सहयोगमा रहेको लिबियाली सरकारले प्रकाशन गरेको सो वक्तव्यमा विदेशी हवाई सुरक्षा बलले सो हवाई आक्रमण गरेको जनाइएको छ । उक्त सैन्य बलले त्रिपोलीमा सञ्चालनमा रहेको एक सैन्य विद्यालयलमा नै आक्रमण गरेको बताइएको छ । त्यो विद्यालयलाई लक्ष्य बनाइनुको कारण के हो भन्ने बारेमा केही थाहा भएको छैन । राष्ट्रसङ्घ समर्थित सुरक्षा फौजले आफ्नो आधिकारीक फेसबुक पेजमा मृत्यु भएका र घाइते भएका विद्यार्थीहरुको फोटो पोष्ट गरेको छ । घटनाका बारेमा अहिलेसम्म कसैले पनि जिम्मेवारी लिएको छैन । लिबियामा चलिरहेको द्वन्द्वका कारण हजारौंको मृत्यु भएको छ भने लाखौं विस्थापित भएका छन् ।

### अष्ट्रेलियाको डढेलोको मुस्लो न्युजिल्याण्डसम्म पुग्यो

अकल्याण्ड, २० पुस (रासस/सिन्ह्वा) ।

अष्ट्रेलियामा भएको आगलागीका कारण उडेको धुवाँको मुस्लो न्युजिल्याण्डसम्म पुगेको छ । डढेलोका कारण उठेको धुवाँको मुस्लोले न्युजिल्याण्डको अकल्याण्ड शहरको आकाश ढाकेको अधिकारीहरुले आइतबार बताएका छन् । न्युजिल्याण्डको जलवायु तथा मौसम विभागले तास्मान समुद्रिक क्षेत्र हुँदै मुस्लो न्युजिल्याण्डतर्फ आएको जनाएको छ । अष्ट्रेलियाको आगलागीबाट मुस्लो आएको यो दोस्रो पटक भएको न्युजिल्याण्डका अधिकारीहरुले जनाएका छन् । मुस्लोले उत्तरी आइसल्याण्ड र दक्षिणी आइसल्याण्डको माथिल्लो भागलाई पनि ढाकेको अधिकारीहरुले जनाएका छन् । त्यस क्षेत्रका बासिन्दाले धुँवाको गन्ध थाहा पाउने अवस्था रहेको मौसम विभागका अधिकारीहरुको भनाइ छ । यसले दीर्घकालीन असर भने नपर्ने बताइएको छ ।

### खाडीको पछिल्लो अवस्थाबारे चीन र रुसी विदेशमन्त्रीबीच छलफल

बेइजिङ, २० पुस (रासस/सिन्ह्वा) ।

अमेरिकी सेनाको कारवाहीमा इराकको राजधानी बग्दादको अन्तरराष्ट्रिय विमानस्थलनजिकै शुक्रबार एक इरानी सैन्य कमाण्डर मारिएपछि यस विषयले खाडी क्षेत्रमा तनाव बढाएको बताइएको छ । अमेरिकी सेनाको विशेष खालको कारवाहीमा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख कमाण्डर कासिम सुलेमानी मारिएपछि यस विषयमा खाडी तथा त्यस बाहिर पनि यस विषयमा व्यापक मात्रामा चर्चा चलेको बताइएको छ । उक्त घटनापछि अमेरिका र खाडी देशबीचको तनाव थप बढेको तथा अमेरिका र इरानले एक आपसमा आक्रमणका धम्की नै दिइरहेका पनि विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमले इराकको राजधानी बगदादबाट जनाएका छन् ।

त्यस आक्रमणपछि विकसित परिस्थितिका बारेमा चिनियाँ र रुसी विदेशमन्त्रीबीच आइतबार फोनवार्ता भएको बताइएको छ । सो विषयमा चिनियाँ विदेशमन्त्री वाङ यी र रुसी विदेशमन्त्री सर्गेइ लाभरोभबीच फोनवार्ता भएको बताइएको छ । उहाँहरुबीच इरानी कमाण्डर मारिएपछि इराक र इरानसहित खाडी क्षेत्रमा देखा परिरहेको अवस्थाका बारेमा कुराकानी भएको बताइएको छ । उहाँहरुले यस विषयमा आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा पनि कुराकानी गर्नुभएको समाचारमा जनाइएको छ । यस घटनाले आफूहरुको ध्यानाकर्षण हुन पुगेको उहाँहरुले आपसमा कुराकानी गरेको पनि प्राप्त समाचारमा जनाइएको छ ।

मारिएका ती सुलेमानीलाई अमेरिकाले विगतदेखि नै 'आतङ्ककारी समूहको नाइके भएको बताउँदै आएको थियो । यो आक्रमण अमेरिकाको तयारीमा नै भएको बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नै उनको हत्याको निर्देशन दिएको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले बताएको छ । उक्त अमेरिकी आक्रमणपछि इरानका सर्वोच्च नेताले अमेरिकी आक्रमणमा आफ्नो सेनाको जनरल मारिएपछि यस घटनाको कडा रुपमा बदला लिने चेतावनी दिएपछि परिस्थिति झन तनावपूर्ण बन्दै गएको हो । इरानी सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख जनरल सुलेमानी मारिएपछि उहाँले अमेरिकाका विरुद्ध बदला लिने बताउनुभएको हो । उता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानले अमेरिकी नागरिक र उसको सम्पत्तिमाथि आक्रमण गरे इरानमाथि नै कडा हमला गर्ने बताउनुभएको छ । उहाँले सो चेतावनी दिँदै भन्नुभया,"इरानले अमेरिकी नागरिक र सम्पत्तिमा आक्रमण गरे त्यस विरुद्धको जवाफी आक्रमण गर्न अमेरिका तयार छ र इरानका महत्वका ५२ वटा स्थानको पहिचान गरिसकेको छ ।"

